यूसुफ

राहेलबाट जन्मेका याकूबका छोरा युसूफले एकदिन आफ्ना दाइहरूसित भेडाबाख्रा चराउँदा तिनीहरूका खराब व्यवहारको कुरा आफ्ना बुबाकहाँ ल्याए ।
आफ्नो बूढेसकालको छोरो भएकाले, याकूबले युसूफका निम्ति रङ्गबिरङ्गी लबेदा बनाइदिएका थिए ।
त्यसलाई हेर त । उसलाई त विशेष कोट...
हामीमध्ये बुबाको प्रिय को रहेछ भन्ने कुरामा के अब कुनै शंका रह्यो र !
ओहो, हामीले त तिमीलाई त्यो चमकदार लबेदामा पो देख्नुपर्ने ।
बुबाको कान्छो छोरो पो त...ठाँटिलो देखिनु परिहाल्यो नि ।
तर परमेश्वरले युसूफलाई एउटा दर्शन दिनुभयो ।
उत्पत्ति ३७:१-५

मैले एउटा सपना देखेँ, त्यसमा हामीहरू खेतमा अन्नका बिटा बाँधिरहेका थियौँ । अकस्मात् मेरो बिटाचाहिँ ठाडो भयो र तपाईंहरूका बिटाहरूले मेरो बिटालाई दण्डवत् गरे ।
के तँ हामीमाथि राज्य गर्ने भइस् ?
के तेरो प्रभुत्व हामीमाथि हुने भयो ?
तँ सपना देख्, हामी लाग्छौँ काममा ।
सुन्नुहोस्, मैले देखेको अर्को सपना म तपाईंहरूलाई बताउँछु ।
यसपालि, सूर्य, चन्द्रमा र एघार वटा ताराहरू सबैले मलाई नै दण्डवत् गरिरहेका थिए ।
उत्पत्ति ३७:६-११
के तेरी आमा, म र तेरा दाजुहरू आएर भूइँसम्मै भुकेर तँलाई ढोग्नुपर्ने भयो अब ?
बुबा, हामीले त हजूरलाई बताएकै हौं, सपना मात्रै हो, केही काम छैन ।
उनका दाजुहरूले डाहको भावनाले उसलाई उपेक्षा गर्न छोडेतापनि, याकूबले चाहिँ यसको अर्थ के हुनसक्ला भनी यी कुरा मनैमा राखे ।

तेरा दाजुहरू शकेममा भेँडा चराइरहेका छन् । गएर हेर्, तिनीहरू राम्रै त छन् ।
उ...स्वप्नदर्शी आउँदैछ ।
रङ्गीबिरङ्गी सुगा जस्तो मान्छे ।
हाम्रो मौका यही हो.....त्यसलाई हामी मारौँ र त्यसबाट छुटकारा पाऊँ ।
होइन, त्यसको ज्यान चाहिँ होइन । बरू त्यसलाई खाल्डो मा फालिदेऊ ।
पछि आएर त्यसलाई बचाउने रूबेनको योजना थियो ।
यसलाई फेरि तानेर निकालौँ । आफ्नो भाइलाई मारेर हामीलाई के फाइदा होला र ?
बरू त्यसलाई इश्मायलीहरूका हातमा बेचिदिऔं ।

बीस शेकेल, दासको लागि अहिलेको बजार मूल्य यति नै हो ।
ल ऊ तपाईंको भयो, यसलाई हामी कहिल्यै देख्न नपरोस् ।
अल्‌बिदा, स्वप्नदर्शी ।
तिम्रा सबै सपनाहरू पूरा भएका होऊन् ।
हा.हा..हा...
यहूदा, केटा खोइ त ?
तिमी ढिला आयौ....हामीले केटालाई बेचेर पठायौं ।
योजना यस्तो छ.....
हँमीले यस्तँ भेट्टँयैं .....यसलँई जँचेर हेनुहँस् त, कतै यँ युसूफकँ त हँइन
ओह...! मेरो छोराका लबेदा । कुनै जङ्गली पशुले त्यसलाई खाएछ क्यारे...
हजूरका अझै थुप्रै सन्तानहरू छन् नि ।
अँ हँ, यो मेरो शोकमा नै म मेरो छोराको चिहानमा जानेछु ।

उत्पति ३७:२८-३५

मिद्यानीहरूले युसूफलाई पोतिफर नाम गरेका एक धनाढ्य मिश्री, जो अङ्गरक्षकहरूका प्रधान थिए, को हातमा बेचिदिए ।
युसूफले उनको घरमा काम गर्थे । पोतिफर झनै धनी हुँदै जान थाले ।
र उनले युसूफलाई उनका घरको सबै थोकमाथि अधिकारी तुल्याए । उनी झनै समृद्ध हुँदै गए ।
अँ......
ए ठिटा...आइज् मसित सुत् । तैँले कहिल्यै नगरेको अनुभव हुनेछ तेरो लागि ।
हजूरको श्रीमान्ले घरको सबै थोक मेरो देखरेखमा सुम्पिनुभएको छ, म परमेश्वरको सामु यति ठूलो दुष्टता कसरी गर्न सक्छु र ?
दिनदिनै, तिनले युसूफलाई पछ्याइरहे को भएतापनि उनी तिनको नजिक पनि पर्दैनथे

एकदिन, घरभित्र कोही नोकरहरू नभएको बेलामा, तिनले मौका देखिन् ।
आज हामी प्रेममा डुबौँ । आइज् मसित ओछ्यानमा ।
गुहार ! गुहार !
हजूरले ल्याउनुभएको त्यो हिब्रुले मेरो बेइज्जत गर्ने प्रयास गरेको छ । मैले गुहार भनी चिच्याउँदा ऊ भाग्यो । तर, मैले उसको यो लुगा भेट्टाएको छु ।
ऊ एउटै ठाउँको लागि योग्य छ : उसलाई भ्यालखाना लगिहाल ।
अहिल्यै
उत्पत्ति ३९:११-२०

तर, जेलमा पनि परमेश्वर युसूफसित हुनुहुन्थ्यो ।
तिमीलाई जेल पुऱ्याउने खबर मैले पत्याउनै सकेको छैनँ । तिम्रो काम खाँचोमा परेकाहरूको देखरेख गर्नु हो । खाना निष्पक्ष रुपले बाँडिएको छ, छैन राम्ररी ख्याल गर । अनि आफ्नो लागि भनेर खाना जगेडा नराख ।
म तिमीलाई यो सम्पूर्ण राजकीय झ्यालखानाको व्यवस्थापक नियुक्त गर्छु । तिमीले यहाँको खबर मलाई मात्र दिनू ।
युसूफ जहाँ गएतापनि परमेश्वरले उसलाई सफलता दिनुभयो ।
उत्पत्ति ३९:२०-२३

फारोहका मुख्य पियाउने र मुख्य पकाउनेले गरेको धृष्टताको कारण उनले दुवैलाई झ्यालखानामा थुन्ने आज्ञा गरे ।
यो सडेको ठाउँमा तिमीले कसरी भेल्न सकेको होला ।
म जहाँसुकै भएतापनि सन्तुष्ट रहन मैले सिकेको छु । परमेश्वरले मलाई यो सिकाउनुभएको हो ।
कुन परमेश्वर ? उहाँ जोसुकै भएतापनि उहाँले यहाँ रहनेहरू सबैलाई पक्कै पनि बिर्सनुभएको छ ।
RRRHHHH!
AHHHHHHHH!
तपाईंहरू दुवै किन आज खिन्न हुनुहुन्छ ?
हामी दुवैले सपना देख्यौँ र त्यसको अर्थ खोल्न यहाँ कोही छैनन् ।
सपनाको अर्थ के परमेश्वरकै हातमा हुँदैन र ? तपाईंहरूको सपना मलाई बताउनुहोस्

उत्पत्ति ४०:१-८

मैले तीनवटा हाँगाहरू भएको एउटा दाखको बोट देखैँ । मैले दाखलाई निचोरेर फारोको कचौरामा हालैँ र कपलाई फारोलाई दिएँ ।
तीन हाँगाहरू भनेको तीन दिन हो, तीन दिन भित्र फारोले उनको सेवा गर्न तपाईंको शिर उच्च पार्नुहुनेछ ।
फारोहको अघि मलाई सम्भनुहोला । मलाई हिब्रुहरूको देशबाट चोरी गरेर ल्याइएको हो र गलत आरोप लगाइएर म यस झ्यालखानामा छु ।
मेरो सपनामा मैले रोटीका तीन वटा टोकरीहरू मेरो टाउकोमाथि देखैँ ।
माथिल्लो टोकरीमा पकाएका अनेक किसिमका खाने कुराहरू थिए तर चराहरूले मेरो टाउकोमा भएका टोकरीबाट खाँदै थिए ।
तीन टोकरीहरू तीन दिनहरू हुन् ।
तीन दिनहरूभित्रै फारोले तपाईंलाई रूखमा झुण्ड्याएर तपाईंको शिर उडाइदिनेछन् र चराहरूले तपाईंको मासु खानेछन् ।
युसूफले बताएको सपनाको अर्थ साँचो हुन आयो, तर सेवामा फर्केपछि मुख्य पियाउनेले युसूफलाई सम्भेनन् ।

दुई वर्षपछि
सबै जादूगर र बुद्धिमान मानिसहरूलाई मेरो सामु ल्याऊ, अहिल्यै।
मैले गएको राति दुईवटा सपनाहरू देखेँ, मेरो लागि दुईवटै सपनाहरूको अर्थ खोलीदेऊ।
मैले सपनामा सात वटा स्वस्थ र मोटा गाईहरू नदी किनारको काँसको घारीमा चर्दै गरेको देखेँ....
तब सातवटा कुरूप र दुब्ला जीउ भएका गाईहरू नील नदीबाट निस्केर आए र ती स्वस्थ गाईहरूलाई खाइदिए।
तब म बिउँझेँ

उत्पत्ति ४१:१-४,८

मैले दोस्रो सपना देखेँ
मैले सातवटा भरिला र असल अनाजका बाला एउटै डाँठमा उम्रिरहेको देखेँ....
तब पूर्वीय बतासले स्याप्प्राक्क पारेका सातवटा बालाहरू निस्के र तिनीहरूले ती भरिला अनाजका बालाहरूलाई निलिदिए ।
महान् फारो, हजूरको सपनाको अर्थ हामीमध्ये कसैलाई थाहा भएन ।
हामीलाई सपनाको अर्थ प्रकट भएन ।
तर सपना वास्तविक थियो ।
कसैले त यसको अर्थ बताउन सक्नुपर्ने, नत्र ईश्वरहरूले मलाई सपना दिनु नै हुने थिएन ।
आज मैले मेरो गल्ती सम्झेँ ।
जब म कैदमा थिएँ, तब एउटा हिब्रु ठिटोले मेरो र मुख्य पकाउनेको सपनाको अर्थ खोलीदिएको थियो र दुवै साँचो हुन आयो ।
त्यसलाई मेरो सामु ल्याइयोस् ।

उत्पत्ति ४१:५-१३

तिमीले सपनाहरूको अर्थ खोल्छौ भनी मैले सुनेको छु ।
मैले त होइन तर परमेश्वरले नै फारोलाई यथार्थ उत्तर दिनसक्नु हुन्छ ।
फारोका दुवै सपनाहरू एउटै र उही हुन् । परमेश्वरले गर्न लाग्नुभएको कुरा उहाँले हजूरलाई प्रकट गर्नुभएको छ ।
सात वटा स्वस्थ गाईहरूले सात राम्रा वर्षहरूलाई दर्शाउँदछन् र सात वटा दुब्ला गाईहरूले चाहिँ ती पछिका अनिकालका वर्षहरूलाई दर्शाउँदछन् । सातवटा असल बाला पनि सातै वर्ष नै हुन् ।
अनिकालको कारणले मिश्रको सबै भरपूरी बिर्सिइनेछ र अनिकालले सबै देशलाई स्वाहा पार्नेछ ।
हजूरले एउटा बुद्धिमान र समझदार मानिसलाई सारा मिश्र देशमाथि अधिकारी नियुक्त गर्नुहोस् ।
अनि देशभरि निरीक्षकहरू नियुक्त गर्नुहोस् र तिनीहरूले सहकालका सात वर्षभरिको उब्जनीको पाँचौं हिस्सा उठाएर जम्मा गरून् ।

यो अनाज अर्को सात वर्षसम्म सञ्चय गरियोस् ताकि आउन लागेको अनिकालमा मानिसहरू बाँचून् ।
त्यस्तो मानिस हामीले कहाँ भेट्टाउने होला जसमा ईश्वरको आत्मा होस् ?
परमेश्वरले तिमीलाई यो प्रकट गर्नुभएको कारणले तिमी जस्तो बुद्धिमान र समझदार मानिस अरू छैन ।
तिमी अब सापनट पानेह कहलाइनेछौ र मिश्रका सबै जनताहरूमाथि तिम्रो अधिकार हुनेछ ।
उत्पत्ति ४१:३५-३९

केवल सिंहासनको सवालमा मात्र म तिमीभन्दा माथि हुनेछु ।
यसद्वारा आज मिश्रको सम्पूर्ण देशको अधिकारी तिमी नै भएका छौ ।
बाटो छोडौँ

सात वर्षको सहकालभरि युसुफको निगरानीमा प्रशस्त उब्जनी भयो र सञ्चय हुने काम भयो ।

फारोले युसुफलाई मिश्री श्रीमती पनि बिहे गरिदिए ।
युसुफले आफ्ना छोराहरूको नाउँ मनेरशे (बिर्सनु) र एफ्राइम (दोब्बर फलिफाप) राखे ।
परमेश्वरले मलाई मेरो कष्टको देशमा फलवन्त तुल्याउनुभएको छ ।

उत्पत्ति ४१:५३-५७

तिमीहरू किन एक अर्काको मुख हेराहेर गर्दै बस्छौ ?
मिश्रमा अनाज छ भन्ने मैले खबर मैले पाएको छु । हामीहरू जीवितै र हने हो भने त्यहाँ गएर अनाज किनेर आऊ ।
तिमीहरू दशजना गएर अनाज किनेर आऊ
बेन्यामिन चाहिँ मसितै रहनेछ, नत्र ता बाटोमा उसमाथि खतरा आइपर्ला
यो त मैले कल्पना गरे को भन्दा ठूलो रहेछ ।
उनीहरूका भण्डारहरू ठूला त होलान् नि ।
हजूर, एक भुण्ड हिब्रुहरू कनान देशबाट अनाज किन्न आएका छन्
तिनीहरूसित चाँदी र सुन भएसम्म हामीले व्यवस्था गर्न सकौँला ।

उत्पत्ति ४२:१-७

तिमीहरू कहाँबाट आएका हौ ?
हामी कनानबाट अनाज किन्न आएका हौँ ।
तिमीहरू जासूसहरू हौ, हाम्रा देशको कमजोरी थाहा पाउन तिमीहरू आएका हौ ।
होइन, हामी सोझा मानिसहरू हौँ, जासूसहरू होइनौँ ।
र युसूफले आफ्नो सपना सम्झे ।
होइन, तिमीहरू हाम्रो देशको चियो नै गर्न आएका हौ ।
होइन, हामी एउटै मानिसका बाह्र भाइ छोराहरू हौँ ।
एउटा चाहिँ जीवित छैन र कान्छो चाहिँ हाम्रा बुबाको साथमा छन् ।
तिमीहरू जासूस नै हौ र अब म यसरी जाँच लिन्छु ।
तिमीहरूको कान्छो भाइ यहाँ नआएसम्म तिमीहरूले मिश्र देश छोड्न पाउनेछैनौ । एउटा भाइ फर्केर जानेछन् र बाँकी सबै थुनामा रहनेछन् ।
तिनीहरूलाई थुन
उत्पत्ति ४२:६-१७

उत्पत्ति ४२:१८-२४

उनीहरूलाई चाहिए जति धोक्राहरूमा अनाज भरिदिएर जान दिनू भनी युसूफ हुकुम दिन्छन् ।
तर तिनीहरूका चाँदीका सिक्काहरू चाहिँ अन्नको धोक्रामै हालिदिनू र बाटाको लागि प्रशस्त खानेकुराको बन्दोबस्त गरिदिनू ।
हवस्, मालिक
यता आऊ त, झट्टै !
हेर त चाँदीको सिक्का धोक्रामा
परमेश्वरले हामीसित गर्नुभएको यो के हो ?

उत्पत्ति ४२:२९-३८

केही महिनापछि.....
मालिक....आज हामीले अन्तिम रोटी पनि पकाइसक्यौँ । हजूरका छोराहरूले मिश्रबाट किनेर ल्याउनुभएको अनाज सबै सिद्धिसके
तिमीहरू अनाज किन्न फर्केर जानुपर्छ
हामी सक्तैनौँ । हाम्रो कान्छो भाइलाई लिएर नगएसम्म हामी त्यस देशका शासकलाई भेट्नेछैनौँ भनी हामीले कबुल गरेका छौँ ।
तिमीहरूको अर्को भाइ छ भनी ती मानिसलाई बताएर तिमीहरूले ममाथि किन यस्तो पीडा ल्यायौ ?
उनले हामीलाई साह्रै केरकार गरे ।
यस केटालाई मेरो साथमा पठाइदिनुहोस् र यदि केही भएमा मलाई नै दोषी ठहराउनुहोला र म बाँकी जीवनभरि यो दोष बोक्नेछु
हामीले ढिला नगरेको भए हामी दुई पल्टसम्म ओहोर दोहोर गर्न सक्नेथियौ
यसो गर । तिमीहरूले त्यस मानिसको चाँदीको दोब्बर फर्काइदेऊ अनि साथमा हाम्रो देशका केही राम्रा सौगातहरू पनि लिएर जाओ ।
तिम्रो भाइलाई लिएर गइहाल र म शोकित हुनैपर्छ भने पनि हुनेछु ।

उत्पत्ति ४३:१-१४

उत्पत्ति ४३:१५-२५

उत्पत्ति ४३:२५-३०

उत्पत्ति ४३:३१-३४

उनीहरूले लैजान सक्नेजति अनाज तिनीहरूको धोक्राहरूमा भरिदेऊ र हरेकको धोक्रामा चाँदी पनि राखिदेऊ
कान्छोको धोक्रामा चाहिँ मेरो चाँदीको कप राखिदेऊ ।
म घर जान व्यग्र छु
केही महिनादेखि झ्यालखानामा बस्ने म नै त हुँ ।
के....
तिमीले यो के गऱ्यौ ?
मेरा मालिकले जोखना हेर्नुहुने कप पो तिमीहरूले लिएका रहेछौ ।
यस्तो त हामीबाट कदापि नहोस् ।
हामी किन यस्तो गर्थ्यौं र, हामीले त हाम्रो धोक्रामा भेट्टाएका चाँदीका कपहरू पनि फर्काएका थियौं ।

उत्पत्ति ४४:१-८

यदि हामी मध्ये कसैको धोक्रामा त्यो कप भेट्टाइएमा त्यो मारियोस् र बाँकी चाहिँ हजूरका कमारा हुनेछन् ।
तिनीहरूको धोक्रा खोतल
सबैको खोतलियो, कान्छोको मात्र बाँकी छ ।
राम्ररी खोतल ।
SCRUNNCH SCRUNNCH
तिमीले हाम्रो सापनट पानेहबाट चोरेका छौ । तिमीहरू उहाँको सामु उभिनुपर्नेछ ।
तिमीहरूले उदारताको बदलामा छल गरेका छौ ।
यो हुनै सक्तैन.... हाम्रा बुबाले यसलाई सहन सक्नेछैनन् ।

उत्पत्ति ४४:९-१३

उत्पत्ति ४४:१४-३४

सबैजना मेरो सामुबाट जाऊ।
.हुँहुँ..हुँहुँ
म..म नै तिमीहरूको भाइ युसूफ हुँ
....तिमीहरूले मिश्रमा बेचेर पठाएको युसूफ
यो हुन सक्तैन
के....अरे..
उत्पत्ति ४५:१-४

तिमीहरू आपूसँग नरिसाऊ, न त दुःखित नै होऊ
यहाँ मलाई पठाउने तिमीहरू होइन, परमेश्वर नै हुनुहुन्छ ।
देशमा अनिकाल भएको दुई वर्ष भयो र पाँच वर्ष अझै यो रहनेछ ।
पृथ्वीमाथि तिमीहरूका निम्ति एउटा वंशको जगेरा गर्न र ठूलो छुटकाराद्धारा तिमीहरूलाई बचाउन परमेश्वरले मलाई अघि पठाउनुभयो ।
तिमीहरू अब झट्टै गएर हाम्रा बुबालाई यो कुरा बताइदेऊ ।
परमेश्वरले मलाई सारा मिश्रको शासक तुल्याउनुभएको छ ।
ढिलो नगरीकन मकहाँ फर्केर आऊ र म गोशेन प्रदेशमा तिमीहरूको निम्ति प्रबन्ध गर्नेछु
अब ढिलो नगरीकन तिमीहरू जाऊ र गएर बुबालाई बताइदेऊ, नत्र ता तिमीहरू असहाय हुनेछौ
अनि युसूफ आफ्ना दाजुहरूसित रोए ।

उत्पत्ति ४५:५-१४

उत्पत्ति ४५:१६-२४

युसूफ जीवित छन् ! युसूफ जीवित छन् !
यो साँचो हो !
युसूफ जीवित छन् !
उनी सारा मिश्रका शासक भएका छन् !
फाराोमुनि दोस्रो उनी नै हुन् ।
यो त संभव हुन सक्तैन
हो, युसूफ जीवितै छन्, हाम्रो परिवारहरूलाई उता लैजान यी गाडाहरू मिश्रकै हुन् ।
मेरो छोरा जीवित छन्.....
...म मर्नअघि नै म उसलाई देख्नेछु
उत्पत्ति ४५:२५-२८

हामी यहाँ बेरशेबामा एकछिन रोकिनेछौं
मेरो बुबा इसहाकले भैँ म यहाँ आराधना गर्नेछु ।
याकूब ! याकूब !
प्रभु, म यहीँ छु ।
मिश्रमा जानेदेखि नडरा किनकि त्यहाँ म तँबाट एउटा ठूलो जाति बनाउनेछु
म तँ सँग मिश्रमा जानेछु र म तँलाई निश्चय नै फेरि फर्काएर ल्याउनेछु
र युसूफको आफ्नै हातले तेरो आँखा छोपिदिनेछ ।
आफ्ना छोराहरू र तिनका परिवारहरू, जम्मा गरी सत्तरीजनाको साथमा, याकूबले बेरशेबा छोडे ।
र नयाँ अस्थायी बासस्थान मिश्रतर्फ लागे ।

उत्पत्ति ४६:१-२७

गोशेन जाने बाटो पहिल्याउन युसूफकहाँ जाऊ ।
बुबा..
तपाईंको अनुहार हेर्न म कति आतुर थिएँ
र युसूफ लामो समयसम्म रोए ।
म तपाईंहरूलाई फारोहकहाँ लिएर जान्छु तर उहाँलाई तपाईंहरू गोठालाहरू हुनुहुन्छ भनेर भन्नुहोस्
तब तपाईंहरू गोशे नमा बस्न पाउनुहुनेछ किनकि मिश्रीहरूको निम्ति गोठालाहरू घृणित कुरा हो ।
उत्पत्ति ४६:२८-३४

अनि मेरा प्रमुख प्रशासकका दाजुहरूको व्यवसाय चाहिँ के हो नि ?
हामी गोठालाहरू हौं ।
तिमीहरू हामीदेखि टाढा गोशेन प्रदेशमा बस्नेछौ ।
सापनट पानेहका पिता, तपाईंको उमेर कति भयो ?
मेरो प्रवासी जीवनको उमेर १३० वर्ष भयो
मेरो प्रवासी जीवनका वर्षहरू त थोरै र दुःखमय भएका छन् तर मेरा पितापुर्खाहरूको प्रवासी जीवनका वर्षहरू जतिको त पुगेको छैन ।
मेरो प्रवासी जीवनको उमेर १३० वर्ष भयो
र याकूब उनको सामुबाट गए ।
बुबा, सबैभन्दा असल ठाउँ यही नै हो ।
म तपाईंहरू र परिवारका हरेकको लागि प्रत्येक घर ानालाई चाहिने खानेकुरा दिएर पालनपोषण गर्नेछु

अनिकालले देश ग्रस्त हुँदै गएको बेलामा युसूफले अनाज बेचेर मिश्र र कनानबाट सबै पैसा जम्मा गरे ।
तब मानिसहरू फेरि उनीकहाँ आए ।
हामीलाई फेरि अनाज चाहियो, हामीलाई खानेकुरा दिनुहोस् । हाम्रा सबै पैसा हजूरसित छन् । हामीलाई किन मर्न दिनुहुन्छ ?
म तिमीहरूको गाइवस्तु लिएर अनाज बेच्नेछु ।
अर्को वर्ष....
हाम्रो सबै पैसा र गाईवस्तु त हजूरकै भइसके ।
अब खानेकुराको सट्टामा हामी र हाम्रो जमिनलाई नै किन्नुहोस्
तिमीहरूको जमिनका लागि बिउ यहाँ छ । अबदेखि पाँच भागको एक भाग फारोको हुनेछ र बाँकी तिमीहरूले राख्न पाउनेछौ ।
हजूरले हाम्रो जीवन बचाउनुभएको छ ।
तर गोशेनमा याकूबका परिवारहरू फल्दै फुल्दै गए र संख्यामा अत्यन्तै बढे ।
मेरो समय नजिक आउँदैछ ।
मसित प्रतिज्ञा गर् कि तैँले मलाई यहाँ मिश्रमा गाड्नेछैनस्
बुबाले भन्नुभएबमोजिम नै म गर्नेछु

उत्पति ४७:१३-३१

हजूरको पिता बिरामी हुनुहुन्छ, सायद मृत्यु नजिकै हुनुहुन्छ ।
चाँडो गर, मेरा छोराहरूलाई भेला गर । उनीहरू मसँगै जानेछन् ।
तपाईंको छोरा युसूफ आइपुगेको छ
उसलाई मकहाँ ल्याऊ ।
सर्वशक्तिमान परमेश्वर कनान देशको लूजमा मकहाँ देखा पर्नुभयो ।
उहाँले मलाई फल्दो फुल्दो बनाउनेछु र त्यो देश अनन्त अधिकार को भागको रुपमा मलाई दिनेछु भनी प्रतिज्ञा गर्नुभएको छ ।
यिनीहरू को हुन् ?
परमेश्वरले मलाई यहाँ दिनुभएका यी मेरा छोराहरू हुन् ।
तिनीहरूलाई मकहाँ ल्याऊ । म तिनीहरूलाई आशिष दिन चाहान्छु
तेरो अनुहार देखुँला भनी मैले सोचेकै थिइनँ । परमेश्वरले मलाई तिम्रा सन्तान पनि देख्न दिनुभयो ।

उत्पत्ति ४८:१२-२२

रूबेन तँ शक्तिशाली छस् तर तैँले उछिन्ने छैनस् किनकि तँ तेरा बाबुको पलङ्गमा चढिस् ।
शिमियोन र लेवी उपद्रवका हतियार चलाउँछन्, तिनीहरूको क्रोध श्रापित होस् । तिनीहरू इस्रायलभरि तितरबितर हुनेछन् ।
यहूदा, तेरो हात तेरा शत्रुहरूका गर्धनमाथि रहनेछ र तेरो हातबाट राजदण्ड हट्नेछैन ।
जबूलूनको वास समुद्रको किनारमा हुनेछ र जहाजहरूका निम्ति त्यो बन्दरगाह हुनेछ
इस्साखार बलियो गधा हो र भारी बोक्नका लागि त्यो झुक्नेछ ।
दानले आफ्ना मानिसहरूका लागि न्याय गर्नेछ ।
गादलाई फौजले हमला गर्नेछन् र उसले पनि खेद्दै हमला गर्नेछन् ।
आशेरबाट आएको अनाज उत्तम हुनेछ र त्यो राजाका निम्ति मीठा खानेकुरा हुनेछ ।
नप्ताली फुकाइएकी मृगी हो जसले सुन्दर पाठाहरू बियाउँछे ।
युसूफ एउटा फलवान् लहरा हो जसका हाँगाहरू पर्खाल नाघेर जान्छन् । याकूबका सर्वशक्तिमान हातको कारणले उसको धनु दृढ रह्यो ।
बेन्यामीन एउटा फहराउने ब्वाँसो हो जसले आफ्नो शिकार खान्छ ।
हित्ती एप्रोनको हातबाट मेरा बाजे अब्राहामले किनेका ओडार जहाँ मेरा बुबा र आमा पनि गाडिए, त्यहीँ नै मलाई पनि गाड्नू ।
र त्यहीँ मैले लेआलाई गाडें ।

बुबा, बुबा
हाम्रा मानिसहरूले तिम्रा पिताको लागि सत्तरी दिनसम्म शोक गरेका छन् ।
यस्तो महान् आदरको लागि धन्यवाद ।
मेरा पिताले कनान देशमा उहाँका पितापुर्खाहरूसित उहाँलाई गाड्नू भनी मलाई शपथ खान लगाउनुभएको थियो ।
तिमीले आफ्नो शपथ पूरा गर्न सक्छौ ।
हाम्रो पिताले तिमीलाई यो भन्न लगाउनुभएको छ : म बिन्ती गर्दछु, तिम्रा दाजुहरूले तिमीलाई खराबी गरेकोमा तिनीहरूका अपराध र पाप क्षमा गरिदेऊ ।
हामी अब तपाईंका दासहरू हौँ ।
के म परमेश्वरको स्थानमा छु र ?
तिमीहरूले खराबी गर्ने विचार गर्‍यौ तर परमेश्वरले भलाइ गर्नुभयो
नडराऊ, म तिमीहरू र तिमीहरूका सन्तानको पालनपोषण गर्नेछु ।

उत्पत्ति ५०:१-२१

उत्पत्ति ५०:२२-२६